# थाक्रे गाँऊपालिका

# गाऊँ कार्यपालिकाको कार्यालय

महादेववेशी, धादिङ

३ नं. प्रदेश, नेपाल

**शर्तहरु :**

१. बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको प्रभु वैंक, महादेववेशी शाखामा रहेको धरौटी खाता नं. ०६०००२०१०१११८९००००४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

२. ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु वोलकवोल कर्ता स्वंयले व्यहोर्नु पर्नेछ ।

३. बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

४. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७६ असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

५. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमशः दोस्रो किस्ता मंसिर मसान्त, तेश्रो किस्ता चैत्र मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

६. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

७. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम र थाक्रे गाऊँकार्यपालिका भनी प्रष्ट बुझने गरी लेख्नु पर्ने छ र वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

११. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

१२. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१३. विषेश अवस्थामा सुचनामा उल्लेखित सर्त समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१४. सुचना सम्बन्धी विस्तृत विवरण यस कार्यालय तथा कार्यालयको वेवसाईड www.thakremun.gov.np मा समेत हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

थाक्रे गाउपालिका कार्यालय,

महादेववेशी, धादिङ

भुमिश्वर पोखरेल

प्रमुख प्रशासकीय अधिकृत